## राष्ट्रिय योजना आयोगको सचिवालयको

## सूचना

यस सचिवालय अन्तर्गत प्रादेशिक योजना कार्यालयको शाखा अधिकृत श्री ध्रुवजी अधिकारी कायम मुकायम रा. प. द्वितीय श्रेणीको कार्यालय प्रमुख भएकोले सो शा. अ. पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८. २ को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी तल सहीछाप गर्ने अधिकारीले सोही कार्यालयका ना.सु. श्री बिक्षामानसिंह प्रधानलाई मिति २०३१।६।४ देखि कायम मुकायम मुकरर गरेको छ ।

गोरक्षबहादुर न्हुछे प्रधान
राष्ट्रिय योजना आयोगको सचिव

## राष्ट्रिय योजना आयोगको सचिवालयको

## सूचना

यस सचिवालय अन्तर्गत केन्द्रीय तथ्यांक विभागको का. मु. महानिर्देशक श्री केशरबहादुर आचार्य तालीममा जानु भएकोले उहां फर्की हाजिर नभएसम्मको लागि सो पदमा निजामती सेवा नियमावली, २०२१ (संशोधन सहित) को नियम ८. २ को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी तल सहिछाप गर्ने अधिकारीले सोही विभागको उप–निर्देशक श्री नारायण कृष्ण जोशीलाई मिति ०३१।७।१६ देखि कायम मुकायम मुकरर गरिएको छ ।

गोरक्षबहादुर न्हुछे प्रधान
राष्ट्रिय योजना आयोगको सचिव

---

## भूलसुधार

नेपाल राजपत्र भाग ३ मिति २०३१ वैशाख २३ गते प्रकाशित रिजाल क्यानिंग कम्पनीलाई हदबन्दी छूट दिइएको यस मन्त्रालयको सूचनामा रहेको "उद्योगको काममा रहे सम्मको लागि" भन्ने वाक्यांशपछि "सुन्सरी जिल्ला" भन्ने शब्दहरू छूट भएकोले भूलसुधार गरिएको छ ।

भूमिसुधार मन्त्रालय

620

---

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित । मात्र लागु हुनेछ।